मेरो उम्मतको अन्त्यमा यस्ता व्यक्तिहरू जन्मिनेछन् जसले यस्ता कुराहरू बताउनेछन् जुन न त तिमीले न त तिम्रा पुर्खाले सुनेका थिए । त्यसैले तिनीहरुबाट एकदमै टाढा र होसियार रहनुपर्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “ "मेरो उम्मतको अन्त्यमा यस्ता व्यक्तिहरू जन्मिनेछन् जसले यस्ता कुराहरू बताउनेछन् जुन न त तिमीले न त तिम्रा पुर्खाले सुनेका थिए । त्यसैले तिनीहरुबाट एकदमै टाढा र होसियार रहनुपर्छ ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मेरो उम्मतको अन्त्यमा यस्ता व्यक्तिहरू जन्मिनेछन् जसले झुट बोल्ने छन् र पहिले कसैले नभनेका कथाहरू भन्ने छन् । तिनीहरूले नबीको नामम झूटा र मनगढन्त हदीसहरू भन्नेछन् । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले त्यस्ता व्यक्तिहरूबाट टाढा रहन, उनीहरूलाई नभेट्न र तिनीहरूको कुरा नसुन्न हामीलाई आदेश दिनुभएको छ; ताकि झूटा कुराहरू हाम्रो हृदयमा नबसोस्, जसबाट पछि मुक्त हुन गार्हो हुन्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/65076